लुम्बिनी प्रदेश सरकार
उद्योग, पर्यटन तथा यातायात व्यवस्था मन्त्रालय
उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय
घरेलु तथा साना उद्योग कार्यालय
रुकुमकोट, रुकुम (पूर्व)

फोन: ०८८-४१३११३
Website:- csirukumeast.p5.gov.np
E-mail:- csidb.rukumeast@gmail.com

*प्रथम पटक सूचना प्रकाशित मितिः २०८०/०८/२५*

# झोला, पर्स तथा टोपी निर्माण सम्बन्धी स्तरोन्नती तालिम निःशुल्क संचालन गरिने सूचना।

यस कार्यालयको चालु आ.व. २०८०/०८१ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार प्रारम्भिक तालिम प्राप्त गरी सकेका व्यक्तिहरुका लागि स्तरोउन्नती तालिम तथा प्रविधि सहयोग कार्यक्रम अन्तर्गत समुदायका व्यक्तिहरुलाई स्वरोजगार र आत्मनिर्भर बनाउने उद्देश्यले कम्तीमा १५ जना व्यक्ति/उद्यमीहरुलाई झोला, पर्स तथा टोपी निर्माण सम्बन्धी स्तरोन्नती तालिम प्रदान गरी आवश्यकता अनुसार प्रविधि समेत हस्तान्तरण गर्ने कार्यक्रम भएकाले उक्त कार्यक्रममा सहभागी हुन चाहने यस जिल्लाभित्रका इच्छुक व्यक्ती/उद्यमीहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र तपसिल बमोजिमको कागजातहरु सहित कार्यालयले तोकेको ढाँचामा फाराम भरी यस कार्यालयमा निवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

*तपसिलः*

१. नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि ।
२. पासपोर्ट साइजको फोटो-२ प्रति ।
३. स्तरोन्नती तालिम पश्चात व्यवसाय संचालन गर्ने प्रतिवद्धता व्यक्त गरेको ।
४. सम्बन्धित विषयमा आधारभुत तालिम प्राप्त गरेको भए सोको प्रमाण-पत्रको प्रतिलिपि ।
५. उद्योग दर्ताको प्रमाण-पत्र भए सोको प्रतिलिपी ।

आवश्यक योग्यताः

१. १८ वर्ष पुरा भएको नेपाली नागरिक ।
२. साधारण लेखपढ गर्न सक्ने ।

*द्रष्टव्यः*

- ❖ निवेदनको फारम यस कार्यालयको बेवसाईट www.csirukumeast.p5.gov.np मार्फत डाउनलोड गरी भर्न सकिनेछ।
- ❖ यस कार्यालयबाट गत आ.व. मा सम्बन्धित विषयमा तालिम लिएका प्रशिक्षार्थीहरुलाई ग्राहायता दिईनेछ।
- ❖ उक्त तालिमका सहभागीहरुलाई तालिम अवधिभर आवास, खाना र खाजा समेतको व्यवस्था रहेको छ।
- ❖ तालिम संचालन हुने स्थानः सिस्ने गा.पा.-६, छिप्रिदह, रुकुम पूर्व ।
- ❖ थप जानकारीका लागि कार्यालय वा कार्यालयको फोन नं. ०८८-४१३११३ वा कार्यालय प्रमुखः- ९८५७८४२११३ मा सम्पर्क गर्नुहोला ।

मधुकर डाँगी
(उद्योग अधिकृत)

उद्योग अधिकृत

लुम्बिनी प्रदेश सरकार
उद्योग, पर्यटन तथा यातायात व्यवस्था मन्त्रालय
उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय
घरेलु तथा साना उद्योग कार्यालय
रुकुमकोट, रुकुम (पूर्व)
फोन: ०८८-४१३११३
Website:- csirukumeast.p5.gov.np
E-mail:- csidb.rukumeast@gmail.com

*प्रथम पटक सूचना प्रकाशित मितिः २०८०/०८/२५*

## *प्रशिक्षकका लागि सूचिकृत हुने सम्बन्धि सूचना ।*

यस कार्यालयको चालु आ.व. २०८०/०८१ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार उल्लेखित निम्न विषयको व्यावसायिक तथा सीपमुलक तालिम संचालन गर्नुपर्ने भएकोले तपशिल बमोजिमका योग्यता पुगेका प्रशिक्षक तथा सहायक प्रशिक्षकले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र नेपाली नागरिकता, शैक्षिक योग्यता र सम्बन्धित विषयमा तालिम वा अनुभव प्राप्त गरेको प्रमाण-पत्रको प्रतिलिपि सहित यस कार्यालयमा सुचीकृत हुनुहुन सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

*तालिम दिनु पर्ने विषयहरुः*

| क.सं. | तालिमको विवरण | कैफियत |
|---|---|---|
| १. | झोला, पर्स तथा टोपी निर्माण सम्बन्धी स्तरोउन्नती तालिम | |

तपशिल (प्रशिक्षक/सहायक प्रशिक्षकको योग्यता)

| क.सं. | पद | शैक्षिकयोग्यता, तालिम वा अनुभव | कै. |
|---|---|---|---|
| १. | प्रशिक्षक | मान्यताप्राप्त शिक्षण संस्था/विश्वविद्यालयबाट सम्बन्धित विषयमा स्नातक तह उपाधि प्राप्त गरी प्रशिक्षक प्रशिक्षणको तालिम लिएको वा सम्बन्धित विषयमा प्रमाणपत्र डिप्लोमा तह उत्तीर्ण गरी प्रशिक्षक प्रशिक्षण तालिम लिएको र कम्तीमा ३ वर्ष कार्य अनुभव भएको वा सम्बन्धित विषयमा सीप तह-२ उत्तीर्ण गरी ३ वर्षको कार्य अनुभव भएको । | |
| २. | सहायक प्रशिक्षक | मान्यताप्राप्त शिक्षण संस्था/विश्वविद्यालयबाट सम्बन्धित विषयमा प्रमाणपत्र तह/डिप्लोमा तह उत्तीर्ण गरी प्रशिक्षक प्रशिक्षण तालिम लिएको वा प्राविधिक एस.एल.सी. वा सीप तह-१ उत्तीर्ण गरी १ वर्षको कार्य अनुभव भएको । | |

*नोटः- १. प्रशिक्षक तथा सहायक प्रशिक्षकको सेवा सुविधा लुम्बिनी प्रदेश सरकारको नियमानुसार हुनेछ।*

*द्रष्टव्यः*

- निवेदनको फारम यस कार्यालयको बेवसाईट www.csirukumeast.p5.gov.np मार्फत डाउनलोड गरी भर्न सकिनेछ।
- म्याद नाघी वा रितपूर्वक ढाँचामा पेश नभएका निवेदनहरु स्वत रद्द हुनेछ।
- थप जानकारीका लागि कार्यालय वा कार्यालयको फोन नं. ०८८-४१३११३ वा कार्यालय प्रमुखः- ९८५७८४२११३ मा सम्पर्क गर्नुहोला ।

मधुकर डाँगी
(उद्योग अधिकृत)
उद्योग अधिकृत